# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८१।०६।१३ गते।

# प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादीहरु ज्ञानेन्द्र चौधरी र विवेक कार्की रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाटः-

**प्रतिवादीहरु ज्ञानेन्द्र चौधरी र विवेक कार्कीलाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा सोही दफा १७ को कसुरमा रु.३,४४,११,२८८।२५ बिगो कायम गरी सोही ऐनको दफा ३(१) र ३(१) (झ) बमोजिम बिगो बमोजिमको जरिबाना तथा कैद सजाय हुन एवं बिगो सोही ऐनको दफा १७ बमोजिम असुल उपर हुन साथै निजहरुले दिएको प्रतिवेदन गलत पुष्टि भएको देखिंदा निजहरुलाई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९(२) बमोजिम सजाय हुन,

**प्रतिवादीहरु पशुपति उप्रेती र निजका प्रतिनिधि निशम कार्की**लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा बिगो रु.३,४४,११,२८८।२५ कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी जफत हुन,

मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा

विशेष अदालतको मिति २०८०/११/२१ को फैसलाबाट निम्न आधारमा आंशिक सफाई दिएकोः-

- प्रस्तुत मुद्दामा ज्ञानेन्द्र चौधरी र विवेक कार्कीले तोकिएको भन्दा बढी नदीजन्य सामग्री उत्खनन गर्न नियन्त्रण गर्नुपर्ने जिम्मेवारी नभएको र के कस्तो कार्यबाट निशम कार्की र पशुपति उप्रेतीसँग मिलेमतो गरेको भन्ने स्पष्टसँग देखिन नआएको।
- प्रस्तुत मुद्दामा ज्ञानेन्द्र चौधरी र विवेक कार्किले प्रतिवेदन दिने कार्य बदनियतपूर्वक रहे भएको भन्ने कुनै बस्तुनिष्ठ आधार कारणबाट देखिन नआएको।

विशेष अदालतको उपरोक्त फैसलाउपर आयोगलाई चित्त नबुझी देहायबमोजिमका आधार लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१।०६।१३ मा पुनरावेदन गरिएको छः-

**देहायः**

- किशन एण्ड दृष्टी बिल्डर्स प्रा.लि.ले मावा खोलाबाट आ.व. २०७८/०७९ को लागी नदिजन्य पदार्थ उत्खननको लागि स्विकृत आई.ई.ई. रिपोर्ट सहित र पालिका स्तरिय बैठकको निर्णय, नदिजन्य सामाग्री निकाल्न तोकिएको परिमाण एवं साँध सिमाना छुट्याउने, स्थलगत नापजाँच गरी गराई ठेकेदारलाई जानकारी गराउने यथार्थ रिपोर्ट दिनका लागि दमक नगरपालिकाका वातावरण अधिकृत ज्ञानेन्द्र चौधरीलाई दमक नगरपालिकाको कार्यालयले पत्रद्वारा खटाई पठाईएको देखिरहेको अवस्थामा सो तर्फ अन्देखा गरी यी प्रतिवादीको कुनै जिम्मेवारी नै नरहेको भन्ने आधार ग्रहण गरी सफाई पाउने ठहरी भएको फैसला त्रुटिपूर्ण रहेको।
- बोल कबोल पत्र स्विकृत गर्दाको सर्तमा रही ठेकेदार वा प्रतिनिधि तथा सम्वन्धित वडाका अध्यक्ष एवं प्रतिनिधिसँग समन्वय गरी मेसिन प्रयोग गर्ने तथा वेल्चाले काम गर्ने ठाउँ समेत एकिन गरी कार्यन्वयन गराउनु होला भनि जिम्मेवारी (टि.ओ. आर.) समेत तोकी पत्र दिएको देखिएको साथै दमक नगरपालिकाको कार्यालय र प्रतिवादी ज्ञानेन्द्र चौधरी विच भएको करार सम्झौतामा तोकिएको कार्य बिबरण अनुसारको कार्य गर्नुपर्ने र आवश्यकता अनुसार कार्यालय समय बाहेक पनि कार्य गर्नुपर्ने व्यहोरा समेत उल्लेख रहेको र मिक्लाजुङ्ग गाउँपालिकाको असिस्टेन्ट सव ईन्जिनियर विवेक कार्कीले अनुसन्धानको क्रममा वयान गर्दा समेत मलाई

मिक्लाजुङ्ग गाउँपालिकाबाट उक्त ठेक्काको नापजाँच गर्न खटाएकोले ज्ञानेन्द्र चौधरीसँगै गई नापजाँच गरेको र रिपोर्ट पेश गरेको हो भनी उल्लेख गरेको देखिएको अवस्थामा ज्ञानेन्द्र चौधरी र विवेक कार्किले तोकिएकोभन्दा बढी नदीजन्य सामग्री उत्खनन गर्न नियन्त्रण गर्नुपर्ने जिम्मेवारी यी प्रतिवादीहरुको नभएको भन्ने आधार ग्रहण गरी सफाई पाउने ठहरी भएको फैसला त्रुटिपूर्ण रहेको।

- आफ्नो तोकिएको जिम्मेवारी तथा टि.ओ.आर. सहित सम्वन्धित मावा खोलामा खटिएका दमक न.पा. का वातावरण अधिकृत ज्ञानेन्द्र चौधरी र मिक्लाजुङ्ग गा.पा.का असिस्टेन्ट सव-ईन्जिनियर विवेक कार्कीले मावा खोलामा उत्खनन् गर्नुपर्ने कुल नदिजन्य परिमाण (१,००,७५० घ.मि.) मध्ये मिति २०७८/११/२९ गते नापजाँच गरी प्रतिवेदन गर्दा ५३,३१० घ.मि. उत्खनन् भएको र वाँकी ४७,४४० घ.मि रहेको भनी प्रतिवेदन गरेको तथा मिति २०७८/१२/२४ मा सोही खोलामा नदिजन्य पदार्थ नापजाँच गर्दा अनुमति दिईएको मध्ये उत्खनन् भएको परिमाण ९०,८३४.७५ घ.मि. र उत्खनन् हुन वाँकी ९,९१५.२५ घ.मि. रहेको भनी नगरपालिकामा प्रतिवेदन वुझाएको देखिएको। मिति २०७८/११/२९ देखि २०७८/१२/२४ का विचमा जम्मा २५ दिनमा ३७,५२४.७५ घनमिटर नदिजन्य पदार्थ उत्खनन् गरेको र बाँकी ९,९१५.२५ घनमिटर मात्र उत्खनन् गर्न बाँकी रहेको अवस्थामा उक्त परिमाणको गिटी, बालुवा केही दिनमा नै ठेकेदारले उत्खनन् गर्ने परिमाण सकिन्छ भन्ने थाहा हुँदा हुँदै पनि अन्तिम परिमाण उत्खनन् भई सके नसकेको निरिक्षण गरी जानकारी नगरपालिकामा दिनुपर्नेमा निज ज्ञानेन्द्र चौधरी र विवेक कार्कीले ठेकेदारहरुसँग मिलेमतो गरी ठेकेदारले उत्खनन् गर्ने नदिजन्य पदार्थको परिमाण सकिएको प्रतिवेदन नगरपलिकाको कार्यालयमा दिएको भन्ने नदेखिरहेको अवस्थामा निजहरुले तोकिएको भन्दा बढी नदीजन्य सामग्री उत्खनन गर्न नियन्त्रण गर्नुपर्ने जिम्मेवारी नभएको भन्ने आधार ग्रहण गरी सफाई पाउने ठहरी भएको फैसला त्रुटिपूर्ण रहेको।

सहायक प्रवक्ता
देवी प्रसाद थपलिया

## देहायः

| सि.न | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | **प्र.** ज्ञानेन्द्र चौधरी र विवेक कार्की निशम कार्की र पशुपति उप्रेती (वि.अ. को मु.नं०७९-CR-००७१ वि.अ. को फैसला मिति ०८०/११/ २१ | सार्वजनिक सम्पत्ति को हिनामिना गरी भ्रष्टाचार गरेको। | प्रतिवादीहरु ज्ञानेन्द्र चौधरी र विवेक कार्कीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा सोही दफा १७ को कसुरमा सोही ऐनको दफा ३(१) र ३(१) (झ) बमोजिम बिगो बमोजिमको जरिबाना तथा कैद सजाय हुन एवं हानिनोक्सानी भएको बिगो रु.३,४४,११,२८८।२५निजहरवाट सोही ऐनको दफा १७ बमोजिम असुल उपर हुन साथै निज प्रतिवादीहरुले दिएको प्रतिवेदन गलत पुष्टि भएको देखिदा निजहरुको उक्त कार्य भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर भएको हुँदा निज प्रतिवादीहरुलाई उल्लिखित कसुरमा सोही ऐनको दफा १९(२) बमोजिम सजायँ हुन समेत माग दाबी लिइएको। प्रतिवादी पशुपति उप्रेती र निजका प्रतिनिधि प्रतिवादी निशम कार्कीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा निज दुबै जना प्रतिवादीहरुलाई सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगो रु.३,४४,११,२८८।२५जफत हुने समेत माग दाबी लिइएको। | **फैसलाः**<br>प्रतिवादीद्वय निशम कार्की र पशुपति उप्रेतीले आरोप दाबी बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिम कसुर गरेकोमा निज प्रतिवादीहरुलाई सोही दफा ८(४) बमोजिम जनही एक (१) वर्ष छ (६) महिना कैद हुने ठहर्छ। साथै बिगो रु.३,४४,११,२८८।२५ जफत हुने भएकोले निज प्रतिवादीहरुबाट दामासाहीका दरले जनही रु.१,७२,०५,६४४।१२ असुल हुने ठहर गरी फैसला भएको र अर्का प्रतिवादीहरु ज्ञानेन्द्र चौधरी र विवेक कार्कीलाई आरोपदावीवाट नै सफाई पाउने ठहर गरी फेसला भएको छ।<br>**प्रतिवादी निशम कार्की र पशुपति उप्रेतीको हकमा आरोप मागदावी बमोजिम कसूर स्थापित भई सजाय भएको देखिँदा निजको हकमा पुनरावेदन नगर्ने निर्णय भएको।**<br>**विशेष अदालत काठमाडौंले प्रतिवादी ज्ञानेन्द्र चौधरी र विवेक कार्कीलाई सफाई दिने गरी फैसला गर्दा निम्न आधार ग्रहण गरेको देखिन्छः**<br>क) प्रस्तुत मुद्दामा **ज्ञानेन्द्र चौधरी र विवेक कार्किले** तोकिएको भन्दा बढी नदीजन्य सामग्री उत्खनन गर्न नियन्त्रण गर्नुपर्ने जिम्मेवारी यी प्रतिवादीहरुको नभएको र के कस्तो कार्यबाट प्रतिवादीहरु निशम कार्की र पशुपति उप्रेतीसंग मिलेमतो गरेको भन्ने स्पष्टसँग देखिन नआएको ।<br>ख) प्रस्तुत मुद्दामा **ज्ञानेन्द्र चौधरी र विवेक कार्किले** प्रतिवेदन दिने कार्य बदनियतपूर्वक रहे भएको भन्ने कुनै बस्तुनिष्ठ आधार कारणबाट देखिन नआएको | क)प्रस्तुत मुद्दामा दमक नगरपालिकाका वातावरण अधिकृत ज्ञानेन्द्र चौधरीलाई दमक नगरपालिकाको कार्यालयले मिति २०७८/०८/२४ गते च.नं. २८१८ को पत्रद्वारा मावा खोलाको आ.व. २०७८/०७९ को लागी किशन एण्ड दृष्टी बिल्डर्स प्रा.लि.ले नदिजन्य पदार्थ उत्खननको लागि स्विकृत आई.ई.ई. रिपोर्ट र पालिका स्तरिय बैठकको निर्णय तथा नदिजन्य सामाग्री निकाल्न तोकिएको परिमाण एवं साँध सिमाना छुट्याउने, स्थलगत नापजाँच गरि गराई निज ठेकेदारलाई जानकारी सहित यथार्थ रिपोर्ट दिनका लागि खटाई पठाईएको देखिरहेको अवस्थामा सो तर्फ अन्देखा गरी यी प्रतिवादीको कुनै जिम्मेवारी नै नरहेको भन्ने आधार ग्रहण गरी सफाई पाउने ठहरी भएको विशेष अदालत काठमाण्डौको फैसला त्रुटिपूर्ण रहेको।<br>(ख) प्रस्तुत मुद्दामा बोल कबोल पत्र स्विकृत गर्दाको सर्तमा रही ठेकेदार वा प्रतिनिधि तथा सम्वन्धित वडाका अध्यक्ष एवं प्रतिनिधि सँग समन्वय गरी मेसिन प्रयोग गर्ने तथा वेल्चाले काम गर्ने ठाउँ समेत एकिन गरी कार्यन्वयन गराउनु होला भनि जिम्मेवारि (टि.ओ. आर.) समेत तोकि पत्र दिएको देखिन्छ र साथै दमक नगरपालिकाको कार्यालय र प्रतिवादी ज्ञानेन्द्र चौधरी विच मिति २०७८/०४/०१ मा भएको करार सम्झौतामा तोकिएको कार्यबिबरण अनुसारको कार्य गर्नु पर्ने र आवश्यकता अनुसार कार्यालय समय बाहेक पनि कार्य गर्नु पर्ने व्यहोरा समेत उल्लेख रहेको देखिरहेको र मिक्लाजुङ्ग गाउँपालिकाको असिस्टेन्ट सव ईन्जिनियर प्रतिवादी विवेक कार्कीले अनुसन्धानको क्रममा वयान गर्दा समेत मलाई मिक्लाजुङ्ग गाउँपालिकाबाट उक्त ठेक्काको नापजाँच गर्न खटाएकोले ज्ञानेन्द्र चौधरीसँगै गई नापजाँच गरेको र रिपोर्ट पेश गरेको हो भनि उल्लेख गरेको देखिएको अवस्थामा ज्ञानेन्द्र चौधरी र विवेक कार्किले तोकिएकोभन्दा बढी नदीजन्य सामग्री उत्खनन गर्न नियन्त्रण गर्नुपर्ने जिम्मेवारी यी प्रतिवादीहरुको नभएको भन्ने आधार ग्रहण गरी ज्ञानेन्द्र चौधरी र विवेक कार्किलाई आरोपदावीवाट सफाई पाउने ठहरी भएको विशेष अदालत काठमाण्डौको फैसला त्रुटिपूर्ण रहेको।<br>(ग) आफ्नो तोकिएको जिम्मेवारी तथा टि.ओ.आर. सहित सम्वन्धित मावा खोलामा खटिएका दमक न.पा. का वातावरण अधिकृत ज्ञानेन्द्र चौधरी र मिक्लाजुङ्ग गा.पा.का असिस्टेन्ट सव-ईन्जिनियर विवेक कार्कीले मावा खोलामा उत्खनन् गर्नु पर्ने कुल नदिजन्य परिमाण (१,००,७५० घ.मि.) मध्ये मिति २०७८/११/२९ गते नापजाँच गरी प्रतिवेदन गर्दा ५३,३१० घ.मि. उत्खनन् भएको र बाँकी ४७,४४० घ.मि रहेको भनि प्रतिवेदन गरेको तथा मिति २०७८/१२/२४ मा सोही खोलामा नदिजन्य पदार्थ नापजाँच गर्दा अनुमति दिईएको मध्ये उत्खनन् भएको परिमाण ९०,८३४.७५ घ.मि. र उत्खनन् हुन बाँकी ९,९१५.२५ घ.मि. रहेको भनि नगरपालिकामा प्रतिवेदन बुझाएको देखिन्छ । मिति २०७८/११/२९ देखि २०७८/१२/२४ का विचमा जम्मा २५ दिनमा ३७,५२४.७५ घनमिटर नदिजन्य पदार्थ उत्खनन् गरेको र बाँकी ९,९१५.२५ घनमिटर मात्र उत्खनन् गर्न बाँकी रहेको अवस्थामा उक्त परिमाणको गिटि बालुवा केहि दिनमा नै ठेकेदारले उत्खनन् गर्ने परिमाण सकिन्छ भन्ने थाहा हुँदा हुँदै पनि अन्तिम परिमाण उत्खनन् भई सके नसकेको हेरी निरिक्षण गरी अन्तिम परिमाण उत्खनन् गर्ने कार्य सकिने वित्तिकै सो को जानकारी नगरपालिका कार्यालयमा दिनु पर्नेमा निज प्रतिबादीहरु ज्ञानेन्द्र चौधरी र विवेक कार्कीले ठेकेदारहरुसँग मिलेमतो गरी ठेकेदारले उत्खनन् गर्ने नदिजन्य पदार्थको परिमाण सकिएको प्रतिवेदन नगरपलिकाको कार्यालयमा दिएको भन्ने नदेखिरहेको अवस्थामा ज्ञानेन्द्र चौधरी र विवेक कार्किले तोकिएकोभन्दा बढी नदीजन्य सामग्री उत्खनन गर्न नियन्त्रण गर्नुपर्ने जिम्मेवारी यी प्रतिवादीहरुको नभएको भन्ने आधार ग्रहण गरी ज्ञानेन्द्र चौधरी र विवेक कार्किलाई आरोपदावीवाट सफाई पाउने ठहरी भएको विशेष अदालत काठमाण्डौको फैसला त्रुटिपूर्ण रहेको।<br>घ) प्रस्तुत मुद्दामा बढी उत्खनन् भएको भन्ने उजुरी परि मिति २०७९/०१/२१ मा अख्तियार दुरुपयोग |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | अनुसन्धान आयोगको कार्यालय इटहरीको नेतृत्वमा विभिन्न निकायहरुका प्राबिधिक समेतका प्रतिनिधिहरुले नापजाँच गरेको २(दुई) दिन पछाडी मात्र मिति २०७८/०१/२३ का दिन कुन कुन क्षेत्रको नापजाँच को कस्को रोहवरमा गरेको हो भन्ने स्थलगत मुचुल्का समेत नगरी नापजाँच गरेको भनि प्रतिबेदन दिई ३६,६०१.१ घनमिटर बढी उत्खनन् गरेको भनि अख्तियार दुरूपयोग अनुसन्धान आयोगको नेतृत्वको टोलिले स्थलगत मुचुल्का सहित ९५,८९६.२५घनमिटर बढी उत्खनन् गरेको भनि उल्लेख गरेको परिमाण भन्दा धेरै कम परिमाण ३६,६०१.१ घनमिटर मात्र बढी उत्खनन् भएको भनि प्रतिबेदन दिएको भन्ने देखिरहेको अवस्थामा ज्ञानेन्द्र चौधरी र विवेक कार्किले प्रतिवेदन दिने कार्य बदनियतपूर्वक रहे भएको भन्ने कुनै बस्तुनिष्ठ आधार कारणबाट देखिन नआएको भन्ने आधार ग्रहण गरी ज्ञानेन्द्र चौधरी र विवेक कार्किलाई आरोप दावीवाट सफाई पाउने ठहरी भएको विशेष अदालत काठमाण्डौको फैसला त्रुर्टिपूर्ण रहेको।<br>(ङ) मिति २०७९।०१।२१ गते अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय ईटहरीबाट उत्खनन स्थलमा खटिएको इन्जिनियर सहितको प्राविधिक सम्मिलित टोलीले गरेको स्थलगत मुचुल्का र सो को आधारमा तयार गरिएको स्थलगत नापजाँचको मिति २०७९।०२।०६ को प्राविधिक प्रतिवेदनबाट ठेकेदार कम्पनीले तोकिए बमोजिमको ढुङ्गा, गिट्टी, ग्राभेलको स्वीकृत परिमाण भन्दा बढी उत्खनन गर्दा नेपाल सरकारलाई प्राप्त हुने राजश्वमा मु. अ. कर सहित रु.३ करोड ४४ लाख ११ हजार २८८ रुपैयाँ २५ पैसा हानिनोक्सानी पुग्न गएको भन्ने देखिएको अवस्थामा ज्ञानेन्द्र चौधरी र विवेक कार्किले प्रतिवेदन दिने कार्य बदनियतपूर्वक रहे भएको भन्ने कुनै बस्तुनिष्ठ आधार कारणबाट देखिन नआएको भन्ने आधार ग्रहण गरी ज्ञानेन्द्र चौधरी र विवेक कार्किलाई आरोप दावीवाट सफाई पाउने ठहरी भएको विशेष अदालत काठमाण्डौको फैसला त्रुर्टिपूर्ण रहेको। |